महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

रामधुनी नगरपालिका,
सुनसरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. २४८

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
रामधुनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुनसरी।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २
नेपाल
२०७६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

च.नं.: २४७

मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
रामधुनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुनसरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले रामधुनी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।३।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२ यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. ७ करोड २० लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३० लाख ४० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ करोड ९० लाख ३९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७८ लाख ७९ हजार र पेश्की बाँकी रु. २१ लाख २७ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ९१.९६ वर्ग किलोमिटर क्षेत्रफल तथा ५१७२२ जनसंख्या रहेको छ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

आर्थिक कारोबारको स्थिति
आ व २०७६.०७७

आ.ब. २०७६।७७ को एकिकृत आर्थिक विवरण							
	आयतर्फ			सि.नं.	व्ययतर्फ		
सि.नं.	विवरण	रकम			विवरण		रकम
१	**गतवर्षको जिम्मेवारी**		**४३९६४१७२.०**	१	**चालु खर्च**		४२९३४१२०४.१
	क) नगद	०			क)सशर्त अनुदान संघ एकमुष्ठ	१८१७७३४२८.३	
	ख) बैंक	४३९६४१७२.०			ख राष्ट्रीय परिचय पत्र तथा पन्जिकरण	८७९६७१.०	
२	**राजस्व (आन्तरिक आय)**		**१२३६६२६०४.४०**		ग) जनसहभागिता	३९७४७४८५.६	
	क) आन्तरिक राजस्व	१९५६७६०८.९५			घ)सामाजिक सुरक्षा कार्यक्रम	१२७२९९८००.०	
	ख) राजस्व बाँडफाँड	६६२४२८४७.२४			ङ) विशेष अनुदान संघ	०.०	
	ग)मालपोत बाट प्राप्त राजस्व	३४०८२०८४			च)राजश्व बाँडफाँड सँघ	६६२४२८४७.२४	
	घ) राजस्व बाँडफाँड सवारी साधन कर प्रदेश	३७७००६४.२१			छ) अन्य अनुदान आइटी तलब	२७९९३०	
३	**वित्तीय हस्तान्तरण सँघीय सरकार**		**५२२९५१२४८.४**		ज) करुणा फाउन्डेसन	५०००००	
	क)वित्तीय समानीकरण अनुदान	१५५४०००००.०			झ) मालपोत बाट प्राप्त राजस्व बाट खर्च	१२६१८०४२.०४	
	ख) सशर्त अनुदान	२१४१५८०००.०		२	**पूँजीगत खर्च**		२७८०३४३६७.७
	ग) सडक वोर्ड नेपाल	८७५८९०.०			क)वित्तीय समानीकरण अनुदान संघ एकमुष्ठ	१५५४०००००.०	
	घ) सामाजिक सुरक्षा कार्यक्रम	१२८२१६०००.०			ख)विशेष अनुदान सँघ	०.०	
	ङ) स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम	१६३४१७५७.५			ग)सडक वोर्ड नेपाल	८७५८९०.०	
	च) समपुरक अनुदान	६८०००००.०			घ)स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम	१६३४१७५७.५	
	छ) अन्य अनुदान आइटी तलब	२७९९३०.०			ङ.)समपूरक अनुदान संघ	४१७४६१५.३	

	ज)राष्ट्रीय परिचय पत्र तथा पन्जिकरण कार्यक्रम	८७९६७१.०			च) प्रदेश सरकार सशर्त अनुदान	२८२८७०००.०	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**५४४४६०००.०**		छ) प्रदेश बाट कोरोना अनुदान सशर्त अनुदान	१००००००.०	
	क)वित्तीय समानीकरण अनुदान	७६५९०००.०			ज)प्रदेश विशेष अनुदान	२५०००००.०	
	ख) सशर्त अनुदान	२८२८७०००.०			झ) राजश्व बाडफाड एकमुष्ठ प्रदेश	३७७००६४.२१	
	ग) समपूरक अनुदान	१५००००००.०			ञ) समानिकरण अनुदान प्रदेश	७६५९०००.०	
	घ) विशेष अनुदान	२५०००००.०			ट) समपुरक अनुदान प्रदेश	१४०६१८६८.७	
	ड.) प्रदेशसशर्त अनुदान	१००००००.०			ठ) गत बर्षको अल्या खर्च	४३९६४१७२.०	
५	**विभिन्न कोषतर्फको आय**		**२६४९९९१७.५**	**३**	**आन्तरिक आय खर्च**	१९५६७६०८.९५	१९५६७६०८.९५
	क) मर्मत सम्भार कोष(विविध कोष)	९९३०१२.०		४	**धरौटी फिर्ता**	४९६४९६०.२	४९६४९६०.२
	ख) विपद व्यवस्थापन कोष (विविध कोष)	१५१३३३०१.०		६	**विपद व्यवस्थापन कोषमा खर्च**	१४९९७५५६	१४९९७५५६
	ग) कन्टेनजेन्सी (विविध कोष)	४८९३५११.१					
	घ)अन्य रकम(विविध कोष)	५४८००९३.४		७	**फिर्ता खर्च**		४००३५२५७.७
६	**जनसहभागिता (नगद)**	३९७४७४८५.६	**३९७४७४८५.६**		क) सशर्त अनुदान संघ एकमुष्ठ(सामाजिक सुरक्षा र समपुरक सहित)	३५९२६१६६.४	
७	**धरौटी आय**	१५०६४३७९.६	**१५०६४३७९.६**		ख)प्रदेश सरकार सशर्त अनुदान(समपुरक र विशेष सहित)	९९३१३१.३	
८	**अन्य विविध आय**		**१०९१५२६१.४**		ग) विभाज्य कोषबाट प्रदेश सरकार तर्फ	३११५९६०.०	
	क)करुणा फाउण्डेसन	५०००००.०			**कुल खर्च**	**७८६९४०९५४.६**	७८६९४०९५४.६
	ख) विभाज्य कोष	८२८९९००.०		९	**वैक मौज्दात**		५०३१०११४.२
	ग)विपद व्यवस्थापन कोषमा सँचित कोष बाहेक बाट प्राप्त रकम	१४२६६५०.०			आन्तरिक आय खाता	११०७२०८९.०८	
	घ) आक्समिक कोष खाता	६९८७११.४			विविध कोष खाता	२२३१६३७९.९०	
					धरौटी खाता	१००९९४१९.४५	
					मर्मत सम्भार कोष	९९३०१२.४३	
					विभाज्य कोष	४९७३९४०.००	
					चालु खर्च खातामा बाँकी	२०८१७.००	
					आकस्मिक कोष खाता	६९८७११.३५	
					विपद व्यवस्थापनकोषमा बाँकी रकम	१३५७४५.००	
	जम्मा	**८३७२५१०६८.८**	**८३७२५१०६८.८**		**जम्मा**	**८३७२५१०६८.८**	८३७२५१०६८.८

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षणको दौरानमा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ ।
<table>
<tr><td>सि. न.</td><td>व्यहोरा</td><td>रकम</td><td>कोष</td></tr>
<tr><td>१</td><td>अन्य वहाल कर</td><td>५४८००९३</td><td>संघीय</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात रु. ५६५४५५ असुल भई विभिन्न सञ्चित कोषमा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण — स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणfलीको व्यवस्थापन गर्नुपर्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन। जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.४२३०७४३३ ले फरक देखिएको छ।
• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। यसरी प्रतिवेदन तयार नगर्ने कर्मचारी कार्यपालिका र सभालाइ सरोकारवाला निकायले जिम्मेवार वनाउनु पर्दछ ।
त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैंक हिसाब मिलान र आम्दानी एकिन नगरेको — स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन नगरेकोले देहायबमोजिमको खाताको बैंक हिसाब मिलान गरी आम्दानी एकिन गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक अनुसार</th><th>फरक</th></tr>
<tr><td>१</td><td>स्थानीय सञ्चित कोष</td><td>११०७२०८९</td><td>४२९४४२६९</td><td>३१८७२१८०</td></tr>
<tr><td>२</td><td>चालु खर्च खाता</td><td>२०८१७</td><td>९९१४४२५</td><td>९८९३६०८</td></tr>
<tr><td>३</td><td>विभाज्य कोष</td><td>४९७३९४०</td><td>५५१५५८५</td><td>५४१६४५</td></tr>
</table></td><td>४२३०७४३३</td></tr>
</table>

	<table><tr><td></td><td>जम्मा</td><td>१६०६६८४६</td><td>५८३७४२७९</td><td>४२३०७४३३</td></tr></table>	
३.	**आर्थिक कारोबार -** यस पालिकामा यस वर्ष रु.७९३२८६८९६ आय भएकोमा २०७७ असार मसान्त सम्म जम्मा रु.७८६९४०९५४ खर्च भई रु.६३४५९४२ बचत भएको छ। गत वर्षको मौज्दात समेत वर्षान्तमा स्थानीय कोष र अन्य कोष रु.५०३१०११४ मौज्दात रहेको देखियो।	
४.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन । • आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन । • वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद पाडा, सुगुर, गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन। • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको देखिएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको	

	निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो । • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन। • लेखापरीक्षणको समयमा उपस्थित भइ प्रभावकारी लेखापरीक्षण गर्न सवै शाखा महाशाखाको योगदान रहनुपर्नेमा योजना र पुर्वाधार शाखावाट लेखा शाखा तथा लेखापरीक्षणलाइ सक्रीयतापुर्वक सहयोग नगरेकोले असहजताको वावजुत लेखापरीक्षण सम्पन्न भएको छ ।लेखापरीक्षणमा माग गरीएको कागजात र जवाफ लेखापरीक्षणको वखत उपलव्ध गर्न गराउन कार्यालयले ध्यान पुरयाउनु पर्दछ। तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
	बजेट तथा कार्यक्रम	
५.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उप प्रमुख श्री सविना कुमारी चौधरीले मिति २०७६।३।१० गते रु.७६४८१११९८० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।११ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनमा उल्लेख भए वमोजिमको समयमा बजेट अनुमान पेश गरी पारित गराई अख्तियारी प्रदान गरेको देखिएन।	
६.	**चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	

क.सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चाछैमासिक	दोस्रो चौमासिक	तेस्रो चौमा□सक	आष□ढ महिना
१	समानीकरण अनुदान	१५५४००००००	३४६०००००	४५००००००	४५६००२००	३०१९९८००
२	आन्तरिक स्रोत	८४९५५१९	०.००	६५२२५३६	७०२२५३६	६०२२५३६
३	राजश्व बाँडफाँड	७००१२९१२	१४३०२८०	२२८६०८७७	२२८६०८७७	२२८६०८७७
४	प्रदेश सरकार समानीकरण	७६५९०००	८५००००	१५३१८००	१५१६८३०	३□६०३७०
५	सवारी साधन कर	०.००	०.००	०.००	०.००	०.००
६	सघीय शसर्त	१८१७७३४१८	२६३५४६८३	५१८०६२४४	५१८०६२४४	५१८०६२४४

	अनुदान					
७	प्रदेश शसर्त अनुदान	२८०२८८६८	४६७१४७८	७७८५७९६	५१९०५३१	१०३८१०६२
	जम्मा	४५१३६९७१९	६७९०६४४१	१३५५०७२५५	१३३९९७२१९	१२५०३०८९१
	प्रतिशतमा	१००	१५	३०	५५	२७

७. **पुँजीगत खर्च विधि** - कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

सि.नं.	कार्यक्रमको नाम	निर्माण कार्यमा भएको कुलखर्च	कुलखर्च मध्ये उपभोक्ता समितिमार्फत भएको रकम	निर्माण व्यवसायीबाट भएको रकम
१	पुर्वाधार विकास	२१८३५००४०	१७१६५००४०	४६७०००००
	प्रतिशतमा	१००	७९	२१

कूल खर्च मध्ये उपभोक्ता समितिवाट ७९ प्रतिशत खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

८. **आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन।

९. **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालिन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ। नमुनाको रुपमा हेरिकएका योजनाहरुमा पालिकाले ५२ वटा सानो प्रकृतिका रु.५००००० भन्दा घटीका योजना अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु. ११३१२३१९ को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

१०. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ।

११. **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष नगरपालिकामा नक्सा पाससम्बन्धि देहाय अनुसारको काम कारबाही भएको देखिन्छ। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व नगरपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

घरनक्शापास को निवेदन संख्या	अस्थायी अनुमति	कार्यसम्पन्न संख्या			कैफियत
		विगत वर्ष अनुमति लिएका मध्ये	यो वर्ष अनुमति लिएका मध्ये	जम्मा	
१७३	८१	१५३	४४	१९७	

१२. **सेवा प्रवाह —** नगरपालिकाले पेश गरेको सेवा प्रवाह सम्बन्धि विवरण देहाय अनुसार रहेको छ ।

क.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकतासिफारिस	१५३१	१५३१
२	घरबाटो सिफारिस	९५५	९५५
३	नाता प्रमा□णत	५५१	५५१
४	जन्म, मृत्यु दर्ता	१७३४	१७३४
५	□न्य	२२१५	२२१५

प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन

१३. **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४२ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखाअधिकृत इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४. **स्थानीय तथ्याङ्क र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।

कानून निर्माण र कार्यान्वयन

१५. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ८ वटा नियमावली, २१ कार्यविधि लगायत ४८ जटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१६. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण

<table>
<tr><td></td><td>अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो बर्ष थप भएको ५८ गरी कूल ६८ विवाद दर्ता भएकोमा ३८ वटा मात्र फछ्र्यौट भई ३० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>१७.</td><td>ठेक्का रकम असुल गर्नुपर्ने - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तरगत विभिन्न कर तथा शुल्क लगाउने र कर वापतको बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको ठेक्कामा ठेक्का कबोल गर्ने संग हालसम्म पनि ठेक्काको रकम असुल नगरेकोले सम्बन्धितवाट सरकारी बाँकी सरह १० प्रतिशत ब्याज सहित असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>शिर्षक</th><th>ठेक्का लिने</th><th>ठेक्का रकम</th><th>दाखिला भएको रकम</th><th>बाँकी रकम</th><th>१० % ब्याज जोडी कुल रकम</th></tr>
<tr><td>हटिया कर</td><td>सुरज चौधरी</td><td>२१२००००(रु ६९६००० छुट)</td><td>३३००००</td><td>१०९४०००</td><td>१२०३४००</td></tr>
<tr><td>हटिया कर</td><td>आनन्द कुमार ठाकुर</td><td>८०१९१(रु २६३०० छुट)</td><td>४००९६</td><td>४००९६</td><td>४४१०५</td></tr>
<tr><td>हटिया कर</td><td>विजय राजधानी</td><td>४२५०००(रु १०९००० छुट)</td><td>०</td><td>३१६०००</td><td>३४७६००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१५९५१०५</td></tr>
</table></td><td>१५९५१०५</td></tr>
<tr><td>१८.</td><td>राजश्व कारोबारको लेखा - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१९.</td><td>विज्ञापन कर — प्रदेश नं १ को आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई कुनै रकम असुल गरेको छैन। तसर्थ पालिकाले यस सम्बन्धि नीति निर्धारण गरी रकम असुल गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td>आयकर एवं मु. अ. कर</td><td></td></tr>
<tr><td>२०.</td><td>मूल्य अभिवृद्धि कर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा वस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको वस्तु तथा सेवा बाहेकका वस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ। जस अनुसार पालिकाबाट भएको ठेक्का बन्दोबस्ती मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन। तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार छुट पछि रु.९२११००० असुली गर्दा नियमानुसार हुने रु.११९७४३०मध्ये रु.१०७७६९०असुली भएकोमा रु.११९७४० मूल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>११९७४०</td></tr>
<tr><td>२१.</td><td>वन पैदावार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु</td><td></td></tr>
</table>

पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ।

समानीकरण चालु

२२. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालय बाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता रु. २८०४०१८ खर्च गरेकोले अनियमित रु. २८०४०१८

भौ नं मिति	विवरण	रकम
१३४१।०७७।२।७	प्रोत्साहन भत्ता	३५००४५
१४८९।०७७।२।२८	प्रोत्साहन भत्ता	१४०००००
२१।२०७७।३।१५ थप कार्यक्रम	प्रोत्साहन भत्ता २०७६ माघ देखि २०७७ आषाढ	१०५३९७३
जम्मा		**२८०४०१८**

२३. **पदाधिकारी वैठक भत्ता - ५२।२०७६।५।३०** गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ४ को उपदफा २ अनुसार सभा द्वारा गठित विषयगत समितिको हकमा जतिसुकै पटक वैठक वसेपनि वैठकमा उपस्थित सदस्यले एक महिनामा एउटा बैठकको मात्र भत्ता पाउने व्यवस्था गरेको छ । कार्यालयले लेखा समितिको वैठक भत्ता भुक्तानी गर्दा अषाढ ३ र ६ गतेको गरी २ वैठकको वैठक भत्ता भुक्तानी भएकोले वढी दिनको भुक्तानी भएको रकम रु. ४२५०असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु. ४२५०

पदाधिकारी	भुक्तानी हुनुपर्ने संख्या	भुक्तानी भएको संख्या	दर	कर पछिको रकम
पुष्पलाल चौधरी	१	२	१०००	८५०
देवराज पोखरेल	१	२	१०००	८५०
कमल कार्की	१	२	१०००	८५०
शुरेस शर्मा	१	२	१०००	८५०
उमा थरुनी	१	२	१०००	८५०
जम्मा				**४२५०**

२४. **वैठक भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ अनुसार पदाधिकारीको वैठक भत्ता रु.१००० उपलव्ध गराउने व्यवस्था गरेको छ। कार्यालयले कार्यापालिका वैठकमा उपस्थित कर्मचारीलाई रु.१५०० का दरले भत्ता भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु.१८७०० असुल गरी स्थानीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. १८७००

भौ नं मिति	पदाधिकारीको नाम	वैठक संख्या	वैठक दर	वढी रकम कर पछिको
१६९६।०७७।३।१६	ओमकार प्रसाद न्यौपाने	६	१०००	२५५०

१६९६।०७७।३।१६	हर्षलाल चौधरी	६	१०००	२५५०
१६९६।०७७।३।१६	मुना पोखरेल	६	१०००	२५५०
१६९६।०७७।३।१६	ओमकार प्रसाद न्यौपाने	७	१०००	२९७५
१६९६।०७७।३।१६	हर्षलाल चौधरी	६	१०००	२५५०
१६९६।०७७।३।१६	मुना पोखरेल	७	१०००	२९७५
	द्वारिका प्रसाद दाहाल	३	१०००	१२७५
	दुर्गेश कुमार विक	३	१०००	१२७५
जम्मा				**१८७००**

२५. **पदाधिकारी थप अनुगमन भत्ता -** गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार पदाधिकारीलाई नगर सभाका उपाध्यक्षलाई अनुगमन प्रतिवेदन पेश गरीसकेपछी रु.१३००० का दरले अनुगमन भत्ता सुविधाको व्यवस्था गरेको छ।कार्यालयले नियमित रुपमा पदाधिकारी सुविधाको भर्पाइवाट अनुगमन सुविधा उपलव्ध गराइसकेपछी पुन अनुगमन भत्ता देहाय अनुसार भुक्तानी भएकोले रु. १०५३९५ असुल गरी स्थानीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. १०५३९५

भौ नं मिति	**पदाधिकारी**	**अनुगमन दिन**	**दर**	**कर पछिको रकम**
१८३२।०७७।३।२४ समानिकरण चालु	उप प्रमुख सविना चौधरी	३५	३५०००	३४४७५
१५४६।०७७।३।१० समानिकरण चालु	का पा स लक्ष्मी चौधरी	२	१०००	१९७०
१८३२।०७७।३।२४ समानिकरण चालु	का पा स सर्मिला वि क	३५	१०००	३४४७५
१८३२।०७७।३।२४ समानिकरण चालु	का पा स टिकालक्ष्मी श्रेष्ठ	३५	१०००	३४४७५
